


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त पुस्तक, स्मारिका आदि
छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक १३ गते शनिबार ❑ 30 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## हाम्रो शक्ति देखेर ओलीको निद हराएको छ : नेपाल

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १२ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादीं) का अध्यक्ष माधब कुमार नेपालले एकिकृत समाजबादीको शक्ति देखेर केपी ओलीको निद हराएको टिप्पणी गरेका छन् ।

एकिकृत समाजबादी स्याङ्जाको पार्टी कार्यालयको उद्घाटन गर्दै नेपालले समाजबादीको शक्ति देखेर केपी ओलीको निद हराम भएको टिपपणी गरेका हुन् ।

सुदुरपश्चिममा हाम्रो पार्टी पहिलो र एमाले चौथो रहेको बताउदै अध्यक्ष नेपालले आगामी निर्वाचनमा एमाले चौथो पार्टी बन्ने ढोकुवा गरे । पार्टी कम्पनी नभएको बताउदै बिचारको लागि पार्टी बिभाजन भएको बताउदै नेपालले अहिले केपी ओली केशरजंग रायमाझी भन्दा फरक नभएको जिकिर गरे ।

"पछिल्लो क्रममा एमाले केपी फाउण्डेसन भएकोले एकिकृत समाजबादी स्थापना गरिएको हो ।" अधयक्ष नेपालले भने, "ब्यक्ति प्रदान नभई नीति प्रदान भएकोले



फाउण्डेसनबाट बिद्रोह गरेर एकिकृत समाजबादी बनाएका हौं ।" ओलीको कामै अग्रगमनको बिरोध गर्ने र प्रतिगमनको मतियार बन्ने गरेको बताउदै पूर्व प्रधामन्त्री समेत रहेका नेपालले सत्ताबाट हट्ने डरले दुईदुई पटक प्रतिनिधी सभा बिघठन गरेको सुनाए ।

हिटलर र ओली एकै संस्कारमा हुर्केको बताउदै नेपालले ब्यक्तीबादी स्वार्थका हिमायती गोर्भाचोकले जस्तै ओलीले एमाले बिघटन गर्नपछि नपर्ने दाबी गरे । सत्तामा जानको लागि मात्रै पार्टी एकता गरेको र माओबादीको भोटमा ओली प्रधानमन्त्री बनेको दाबा गदै 'बा' भनेर हरिकिर्तन गर्नेका पछाडि लाग्न नसकिने बताए ।

"आगामी निर्वाचनमा काग्रेस, माओबादी, समाजबादी, जसपा, जनमोर्चा मिलेर चुनाब लडिन्छ ।" अध्यक्ष नेपालले भने, "आगामी चुनाबमा ओली फाउण्डेसनको भबिष्य सकिन्छ ।" संघीय चुनाब र स्थानीय चुनाब एकै चोटी नहुने बताउदै नेपालले उपस्थानीय र राष्ट्रिय सभाको निर्वाचन पश्चान संघ र प्रदेशको चुनाब हुने बताए ।

यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्री बिरोध खतिवडाले अबको २० दिनमा १२ वर्ष माथिकालाई खोप लगाउन एक करोडको सम्झौता भएको बताए । १८ वर्ष माथीकाले खोप लगाइरहेको र चाडै सबैले लगाउने बताउदै मन्त्री खतिवडाले १२ बर्ष मुनिकालाई खोपले मान्यता पाएसगै ल्याउने तयारीमा जुटेको बताए ।

ओली सरकारले कुनै लक्ष्य बिना काठमाडौंमा बसेर सयौ अस्पतालको नाटकीय शैलीमा उद्घाटन गरेको बताउदै मन्त्री खतिवडाले पुर्जा र डीपीआर गरेर ल्याए अस्पताल खोल्न सरकारले रकम बिनियोजन गर्ने बताए ।

जेलमा बसेर अहिलेको पार्टी नबनेको बताउदै नेता खतिवडाले अध्यक्ष नेपाल र नेता खनालले बनाएको ठोकुवा गरे । "बाग मार्ने एउटाले, जुगाँ उखेल्ने अर्कोले" भएको बताउदै ओलीले कम्युनिष्ट पार्टीमा बिकृति ल्याएको नेता खतिवडाको भनाई थियो । "नीति प्रधान नमानी ब्यक्ति प्रधान मान्दा पार्टी बिभाजन भएको हो ।" मन्त्री खतिवडाले भने, "उखान टुक्काले पार्टी नबन्ने र ओलीले चाहेर, नारा लगाएर १४ जना सांसद कारबाही नहुने र एकिकृत समाजबादी खारेज पनि हुदैन् ।"

## विद्यालय निरन्तर जाँदैनन् मुस्मिल समुदायका बालबालिका

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ कार्तिक**

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक पोखराको आयोजनामा रुपा गाउँपालिका वडा नं ६ मा शिक्षाको अधिकारबारे शिक्षक र अभिभावक र विद्यार्थीहरु विच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा जनप्रतिनिधि , मुस्मिल समुदायका विद्यार्थी , अभिभावकहरु र विद्यालयका शिक्षकहरुबिच शिक्षाको अधिकारबारे अन्तरक्रिया गरिएको थियो ।

वडा नं ६ मा रहेका मुस्लिम समुदायका बालवालिकाहरु भर्ना भएपनि विद्यालयमा निरन्तरता दिन छाड्ने गरेका छन् । रुपा गाउँपालिका उपाध्यक्ष लालसुब्बा गुरुङले नयाँ पुस्ताले अधिकारका विषयमा अध्ययन गरेर पुरानो पुस्तालाई सिकाउन आवश्यक रहेको बताउनुभयो । बाल विवाह र बहुबिवाहलाई संविधानले बन्देज लगाएको भन्दै त्यस्ता कामहरु रोक्न युवाहरुको भुमिका महत्वपूर्ण हुने बताउनुभयो । विद्यालयमा पठाउनु हुदैन भन्ने मान्यता गलत रहेको भन्दै उहाँले सबै बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाउन



आग्रह समेत गर्नुभयो । रुपा गाउँपालिका शिक्षा शाखा प्रमुख सन्दिप पौडेलले विद्यार्थीहरुलाई विद्यालयसम्म पुर्याउन अभिभावक संग आग्रह गर्नुभयो । उहाँले विद्यार्थीहरुलाई पोशाक, कपि, किताब नभएकै कारण विद्यालय जान नसकेको अवस्था भएमा गाउँपालिका सहयोग र समन्वय गर्न तयार रहेको बताउनुभयो । मदरसामा पढाईने पाठ्यक्रम र समयअवधि पर्याप्त नभएको भन्दै उहाँले मदरसालाई व्यबस्थित ढंगबाट मापदण्ड पुर्याएर संचालन गर्ने भएपनि शिक्षा शाखाले दर्ताको प्रक्रियामा अगाडी बढ्न सक्ने बताउनुभयो । धार्मिक विद्यायललाई दर्ताका लागि अनिवार्य १० बजेदेखी ४ बजेसम्म कक्षा संचालन गरिनुपर्ने उहाँको भनाई थियो । अधिकारकर्मी नाजवुन मियाँले आचरण, सोच र शैलीलाई परिर्वतन गर्न आवश्यक रहेको बताउनुभयो ।

छोरीहरुलाई शिक्षित बनाउन सकेमा समाजमा सकरात्मक परिर्वतन आउने भन्दै छोरी मात्रै नभई सबै वालवालिकालाई शिक्षा प्राप्तीको अधिकारलाई सुनिश्चित गराउन अभिभावकहरुको भुमिका महत्वपूर्ण हुने बताउनुभयो । चन्द्र प्रभा माध्यमिक बिद्यालयका प्रधानाध्यापक भोलानाथ पौडेलले मुस्लिम समुदायमा बालबालिका पढाउने सवालमा पहिलेको तुलनामा परिर्वतन आएपनि अझै पर्याप्त नभएको बताउनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एमाले पोखरा महानगरका अध्यक्षमा न्यौपाने

**पोखरापत्र संवाददाता**
**कास्की, १२ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) पोखरा महानगरपालिका कमिटीको अध्यक्ष पदमा दिलीप न्यौपाने सर्वसम्मत चयन हुनुभएको छ ।

यही कात्तिक ९ गते सुरु प्रथम महानगर अधिवेशनमा नेतृत्वका आकाङ्क्षीबीच सहमति नजुट्दा अधिवेशन लम्बिएकामा बिहीबार साँझ अन्य चार उम्मेदवारले मनोनयन फिर्ता लिएपछि न्यौपाने सर्वसम्मत अध्यक्ष चुनिनुभएको हो । अध्यक्षका लागि न्यौपानेसहित दीपक पौडेल, तेजनारायण अधिकारी, धनबहादुर नेपाली र हरिप्रसाद त्रिपाठीले उम्मेदवारी मनोनयन दर्ता गर्नुभएको थियो । यसैगरी महानगर कमिटीको उपाध्यक्षमा मोहन गुरुङ, सचिवमा जीवन आचार्य र उपसचिवद्वयमा रामचन्द्र थापा र हरिमाया गुरुङ सर्वसम्मत हुनुभएको एमाले कास्कीका सचिव दामोदर बैरागीले जानकारी दिनुभयो । महिला खस आर्य, जनजाति, दलित अल्पसङ्ख्यक, अपाङ्ग, श्रमिक, खुला सदस्य र भूगोलतर्फ सर्वसम्मत चयन गरिएको छ । नवनिर्वाचित अध्यक्षलगायतका पदाधिकारी तथा सदस्यलाई बिहीबार रातिनै शपथ ग्रहण तथा निर्वाचित प्रमाणपत्र प्रदान गरिएको थियो । पाँच पालिका रहेको जिल्लामा मादी, अन्नपूर्ण र रुपा गाउँपालिकामा पनि सर्वसम्मत नेतृत्व चयन गरिएको छ । मादीमा बालकृष्ण गुरुङ, अन्नपूर्णमा विवेक देवकोटा र रुपामा सवाबक्स मियाँ पालिका कमिटीको अध्यक्ष सर्वसम्मत निर्वाचित हुनुभएको छ । माछापुच्छ्रे गाउँपालिकामा भने अध्यक्षका प्रत्याशीका बीचमा सहमति नजुटदा अधिवेशन को निर्वाचन प्रक्रिया स्थगन गरिएको गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले जानकारी दिनुभयो । माछापुच्छ्रेमा विक्रम गुरुङ, महेश्वर दवाडी, यदुराम अधिकारी र पानबहादुर जिसीले अध्यक्षमा मनोनयन दर्ता गराउनुभएको छ ।

## माओवादीले देशको भविष्य निर्माण गर्छ : 'प्रचण्ड'

**रासस**
**चितवन, १२ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड'ले माओवादीले नै देशको भविष्य निर्माण गर्ने बताउनुभएको छ ।

माओवादी केन्द्र भरतपुर महानगर समितिले आज यहाँ आयोजना गरेको चियापान एवं शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले माओवादी देशको केन्द्रबिन्दु वन्ने बताउनुभएको हो ।उहाँले भन्नुभयो, "तपाईहरूलाई अब माओवादी सिद्धियो-सिद्धियो भन्ने लाग्यो होला तर त्यस्तो होइन फेरि एक पटक माओवादी पार्टीनै यो देशको भविष्य निर्माता बनेर आउँछ ।" माओवादीले मात्र देशको रक्षा र जनताको हितमा काम गर्ने उहाँको भनाइ थियो । आगामी आमनिर्वाचनबाट माओवादी देशको नेतृत्व गर्ने पार्टीको रूपमा आउने भन्दै उहाँले सबै कार्यकर्तालाई हृदयदेखि सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "म त हाम फालेकै छु हाम फालिराख्छु । तपाईहरू लाग्नुस् ।" माओवादी सरकारमा हुँदा वा नहुँदा जुनसुकै समयमा पनि जनताकै बीचमा रहेर जनअपेक्षाअनुसार काम गरेको दाबी उहाँले गर्नुभयो । उहाँले आफू राजनीति र जनताको कामबाट नथाक्ने र कहिल्यै नभाग्ने बताउनुभयो । उहाँले आफू चितवनबाट कतै नभाग्ने पनि बताउनुभयो । उहाँले नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले गरेको टिप्पणीप्रति इङ्गित गर्दै भन्नुभयो, "प्रचण्ड भाग्छ भनेर आत्मरतिमा नरमाउनुस् ।" एमालेको महाधिवेशन चितवनमा हुने भएपछि अब प्रचण्ड भाग्छ र कालीकोट या बर्दिया जान्छ भन्ने भित्रभित्रै प्रचार गरिएको उहाँको भनाई थियो ।

## एन प्याब्सन कास्कीको दुई दिने प्रश्नपत्र निर्माण सम्बन्धी कार्यशाला

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ कार्तिक**

एन प्याब्सन कास्कीको आयोजनामा स्तरीकृत प्रश्नपत्र निर्माणसम्बन्धी दुई दिवसीय कार्यशाला गोष्ठी शुरु भएको छ ।

राष्ट्रिय परीक्षा वोर्ड परीक्षा व्यवस्थापन कार्यालय गण्डकी प्रदेश, पोखराको समन्वयमा भएको उक्त गोष्ठी एन प्याब्सनमा आवद्ध विद्यालयका अग्रेजी, गणित र विज्ञान विषयका शिक्षक गरी १ सय २० जनाको सहभागिता रहेको एन प्याब्सन परीक्षा उपसमितिका कार्यवहाक संयोजक सञ्जय पौडेलले जानकारी दिनुभयो । गोष्ठी दुई दिन सम्म चल्ने छ । गोष्ठीको सहजीकरण डा.वेदप्रसाद ढकाल, रमेश भट्टराई, शान्ताराम लामिछाने र बामदेव पौडेलले गर्नुहुने छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका शिक्षा संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले समय सापेक्ष शिक्षा आजको आवश्यकता भएको




बताउँनुभयो । 'हामीले दिइराखेको शिक्षाले उपलब्धी हासिल गर्न नसकेको तथ्य यथार्थ हो' उहाँले भन्नुभयो, 'समय सापेक्ष भुगोल माटो सुहाउदो खालको शिक्षा अवको आवश्यकता हो ।'

प्राविधिक शिक्षा तर्फ अगाडि बढ्न नसके देशले फड्को मार्न नसक्ने उहाँको तर्क थियो । उहाँले समाज उपयोगि, उत्पाद र आत्मानिर्भर तर्फ शिक्षालाई जोड्न नसके सम्म जिम्वेवारी पुरा नहुने बताउँनुभयो । यस प्रदेशमा शिक्षा क्षेत्रलाई परिस्कृति गरी लैजान सरकार सधै निजि विद्यालयसँग हातेमालो गरेर अगाडि वढ्ने उहाँको भनाई थियो । 'हामी निजि विद्याललाई हतोत्साईत गर्ने होइनकी साझेदारीको रुपमा अगाडि बढ्ने छौं' उहाँले भन्नुभयो, ' एने नियमावलीमा केहि असहज भए सँगै वसेर सुधार गर्न हामी सधै तयार नै छौं । उहाँले निजि क्षेत्रलाई अलग्यायर सररकार कहिल्यै पनि सफल नहुने बताउँदै वर्तमान सरकार निजि क्षेत्रसँग सहकार्य गरेरै अघि वढ्ने उल्लेख गर्नुभयो । राष्ट्रिय परीक्षा वोर्ड गण्डकी प्रदेशका प्रमुख विष्णुनारयण श्रेष्ठले स्तरीय प्रश्नपत्रले नै शिक्षण सिकाइको सकारात्मक प्रभाव छोड्ने बताउँदै सामुदायिकसँगै निजि विद्यालयका शिक्षकलाई पनि सँगसँगै तालिमका कार्यक्रम ल्याउने उल्लेख गर्नुभयो । शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख नारायणप्रसाद सुवेदीले शिक्षा क्षेत्रको विकास गर्नका लागि गुणस्तरीय परीक्षाको खाँचो पर्ने बताउँनुभयो । एन प्याब्सनका केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेशका अध्यक्ष याम खड्काले शिक्षाको गुणस्तर वृद्धि गर्न यो गोष्ठी कोषेढुंगा सावित हुने बताउँनुभयो ।

प्याब्सन कास्कीका अध्यक्ष प्रेमप्रसाद सुवेदीले अझै पनि व्यवसायिक र प्राविधिक शिक्षाको जग वसाल्न नसकेको बताउँनुभयो । युनिप्स नेपालका अध्यक्ष सन्तबहादुर गुरुङले निजि विद्यालयका शिक्षकहरु अझै पनि सरकारी क्षेत्रबाट दिने तालिमबाट वञ्चीत भएको बताउँनुभयो ।

एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा द्धितीय उपाध्यक्ष केशवशरण पौडेलले स्वागत र सचिव मनकाजी गुरुङले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।



# अभियान कप भलिबल प्रतियोगिताका चार खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

पोखरा ५ मालेपाटन स्थित बाराही खेल मैदानमा जारी चौथो अभियान कप भलिबल प्रतियोगितामा शुक्रवार चार खेलहरु सम्पन्न भएका छन्।

अभियान युथ क्लबको आयोजनामा भएको प्रतियोगिता अन्तरगत शुक्रबार भएको पहिलो खेलमा शान्ता भलिबल ट्रेनिङ सेन्टरले मिडिया टिम पोखरालाई सोझो सेटमा हराएको छ। शान्ताले २५-१३, २५-२२ र २५-१२ को सोझो सेटमा हराउँदै सेमिफाइनलमा प्रवेश गरेको छ।

यस्तै दोस्रो खेलमा मट्टिखान युवा क्लबले जागृती युथ क्लबलाई ३-१ को सेटमा हराउँदै सेमिफाइनल प्रवेश गरेको छ। मट्टिखानले २५-१३, २५-१९, १९-२५ र २५-११ को



सेटमा हराएको हो। तेस्रो खेलमा पोखरा टप्सले कृस्ती युवा मिलन मञ्चलाई २५-२०, २५-२० र २५-२० कै सेटमा हरायो। अन्तिम तथा चौथो खेलमा बाराही मा.वि.ले नव शिर्जनशील युवा क्लबलाई २५-१८, २५-१७ र २५-१७ कै सेटमा हराउँदै सेमिफाइनलको यात्रा तय गरेको हो।

प्रतियोगिता अन्तरगत शनिवार सेमिफाइनल सहित फाइनल खेल हुने क्लबका अध्यक्ष तथा प्रतियोगिता संयोजक राजु गिरीले जानकारी दिए।

उनका अनुसार पहिलो सेमिफाइनल खेल शान्ता भलिबल ट्रेनिङ सेन्टर र पोखरा टप्सबिच हुनेछ भने दोस्रो सेमिफाइनल खेल मट्टिखान युवा क्लब र बाराही मा.वि.बिच हुनेछ। प्रतियोगितामा कुल १२ टिमको सहभागिता रहेको थियो। प्रतियोगिताको विजेताले नगद ५५ हजार ५ सय ५५ रुपैँया सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। त्यस्तै उपविजेताले नगद रु २५ हजार ५ सय ५५ रुपैँया सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। विधागत पुरस्कार तर्फ भने ट्रफि रहेको छ।

# 'अर्ली इलेक्सन'मा जान जरुरी छैन : नेता नेपाल

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

सत्ता साझेदार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले समयअगावै प्रतिनिधिसभा निर्वाचन (अर्ली इलेक्सन) मा जानु जरुरी नभएको बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिले आज पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा 'अर्ली इलेक्सन'बारे सञ्चारकर्मीको जिज्ञासामा उहाँले अगावै चुनाव गर्नु आवश्यक नरहेको भन्दै स्थानीय, प्रदेश र सङ्घीय चुनाव एकै पटक गर्नुपर्नेमा जोड दिनुभयो। अध्यक्ष नेपालले भन्नुभयो, "किन अर्लीमा जानु ? अर्लीमा जानु जरुरी छैन। मिल्छ कि मिल्दैन छलफल गर्नुपर्ला, कानूनी जटिलता छ की छैन थाहा छैन, पाँच दलमा छलफल भएको पनि छैन तर मलाई लागेको चाँही सबै चुनाव एकैपटक गराउनुपर्छ भन्ने हो।" निर्वाचन खर्च र राष्ट्रको सम्पत्ति जोगाउनका लागिसमेत निर्वाचन छुट्टाछुट्टै गर्न नहुनेमा उहाँले जोड दिनुभयो।

माओवादी केन्द्रसँग तत्काल पार्टी एकता सम्भव नभएको भन्दै अध्यक्ष नेपालले एकीकृत समाजवादीलाई चुनावसम्म बलियो र शक्तिशाली पार्टी बनाइने जिकिर गर्नुभयो। "वामपन्थी पार्टी मिलुन्, सबै कम्युनिष्ट एक ठाउँमा आउन् भन्ने चाहना केही व्यक्तिको होला। त्यो राम्रो कुरा पनि हो तर माओवादीसँग तत्काल एकता सम्भव छैन। चुनाव अघि हामी एकता होइन यो पार्टीलाई बलियो र शक्तिशाली बनाएर अघि बढ्छौँ।" उहाँले भन्नुभयो। एमालेमा फर्किने कुरामा कल्पना समेत नगरिएको बताउँदै अध्यक्ष नेपालले अहिले एमालेमा बसेकाको बेहाल भएको र भविष्यसमेत नरहेको जिकिर गर्नुभयो। एकीकृत समाजवादीलाई विचार र नीतिप्रधान पार्टी बनाउँदै सर्वहारा श्रमजीवी जनताको पार्टीका रूपमा स्थापित गरिने र आगामी निर्वाचनमा पाँच दलीय गठबन्धनसँग मिलेर अघि बढ्ने उहाँको भनाइ थियो।

# राप्रपा गण्डकी प्रदेशको विशेष बैठक सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

राष्ट्रिय प्रजातन्त्र पार्टी गण्डकी प्रदेशको प्रथम अधिवेशन कार्तिक २८ गते पोखरामा हुने भएको छ।

शुक्रबार बसेको प्रदेशको विशेष बैठकले उक्त निर्णय गरेको छ। बैठकमा ११ जिल्लाका अध्यक्ष, केन्द्रीय सदस्यहरुको उपस्थिति रहेको थियो।

बैठकले विभिन्न उपसमिति समिति गठन तथा संयोजक तथा सदस्यहरु समेत चयन गरेको छ। जस अन्तर्गत निर्वाचन परिचालन उपसमिति संयोजकमा केन्द्रीय सदस्य बरुणबिक्रम राणा सदस्यसचिव तिर्थराज सुवेदी, सदस्यमा पर्वत माला केसी, भोलाजंग सुवेदी, हरिप्रसाद बराल, जनपरिचालन



उपसमिति संयोजक जयलाल पुन, सहसंयोजक कुलबहादुर गुरुङकुलु, प्रचारप्रसार उपसमिति संयोजक सूर्य बास्तोला, सदस्य सचिव हरिप्रसाद बराल, गणेश ढकाल, विष्णु कार्की, सुवर्णराज पन्त, प्रकाश सापकोटा, बद्रीराज गौतम, सुरेश सिल्पकार, राजु पौडेल, आर्थिक उपसमिति संयोजक पन्चराम गुरुङ, सदस्य जयलाल पुन, शिवप्रसाद चालिसे, शिवकुमार बास्तोला, नारायण गरुङ, कृपा पौडेल, शिव पौडेल रहेका छन्। त्यसैगरी भोजन व्यवस्थापन उपसमिति संयोजक नारायण गुरुङ, सदस्यमा सिता खड्का, डा.महेन्द्र बहादुर कार्की, भोलाजंग सुवेदी, गंगाबहादुर थापा, स्वागत तथा मंच व्यवस्थापन उपसमितिमा संयोजक कृपा पौडेल, सदस्यमा चन्द्रदेवी पन्त, इश्वरी चापागाइँ, कृष्णकुमारी सुवेदी, ननश्री गुरुङ, स्वयंसेवक उपसमिति संयोजक विजय भण्डारी, सदस्यमा मनिष के.सी, मिनबहादुर थापा, सतिश गुरुङ, सन्तोष गुरुङ, सपनम भुजेल रहेका छन्। बैठकमा पार्टीका विभिन्न तह र तप्कामा रहेका नेताहरुले अधिवेशनको सफलताको शुभकामना दिनुभएको थियो। बैठकले ७५ वर्ष माथिका नेता तथा कार्यकर्तालाई सम्मान समेत गर्ने निर्णय गरेको छ।

प्रदेश अध्यक्ष हेमजंग गुरुङको अध्यक्षतामा सम्पन्न बैठकको संचालन प्रदेश सचिव बरुण बिक्रम राणाले गर्नुभएको थियो। राप्रपाको केन्द्रीय महाधिवेशन मंसिर ११, १२ र १३ गते काठमाण्डौमा हुने प्रचारप्रसाद संयोजक तथा मिडिया नेपाल गण्डकी प्रदेश अध्यक्ष सूर्य बाँस्तोलाले जानकारी दिनुभयो।

# रूपाको माध्यमिक तह हाजिरी जवाफमा शिवालय पहिलो

पोखरापत्र संवाददाता
पोखरा, १२ कार्तिक

कास्की रूपा गाउँपालिकाभित्रका माध्यमिक विद्यालयहरूबिच भएको माध्यमिक तहस्तरीय हाजिरीजवाफ प्रतियोगितामा शिवालय मा. वि. पहिलो भएको छ।

कालिका माध्यमिक विद्यालय, वडा नम्बर १ को आयोजनामा शुक्रबार सम्पन्न प्रतियोगितामा रूपा गाउँपालिकाभित्रका १० माध्यमिक विद्यालयमध्ये ७ ओटा विद्यालयको सहभागिता रहेको थियो। प्रतियोगितामा वडा नम्बर २, थुम्कीस्थित शिवालयले ५५ अङ्कसहित पहिलो स्थान हासिल गरेको हो। सो विद्यालयबाट धिरज सुनार, समीक्षा राना मगर र निश्चल ओझा सहभागी थिए। यस्तै वडा नम्बर ६, तालबेसीस्थित रूपाज्योति मा. वि. दोस्रो, वडा



नम्बर ३, पोल्याङस्थित जनता मा. वि. तेस्रो र वडा नम्बर ७, हंसपुरस्थित रामकोट मा. वि. सान्त्वना भएका थिए। प्रतियोगिताका विजेतालाई रूपा गाउँपालिका, शिक्षा शाखा प्रमुख सन्दिप पौडेल, प्रधानाध्यापक ज्ञानेन्द्र पौडेल, पुरस्कार प्रायोजकका तर्फबाट कीर्ति सुवेदीलगायतले पुरस्कार वितरण गरेका थिए। इम्पावर नेपाल फाउन्डेसनले प्रायोजन गरेको प्रतियोगितामा पहिलो हुनेले ५ हजार, दोस्रो हुनेले ४ हजार, तेस्रो हुनेले ३ हजार र सान्त्वना हुनेले २ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका थिए।

# राष्ट्रपति शनिबार ढोरपाटन आउने

पोखरापत्र संवाददाता
बागलुङ, १२ कार्तिक

राष्ट्रपति विद्यादेवी भण्डारी अवलोकन भ्रमणका सिलसिलामा शनिबार ढोरपाटन आउनुहुने भएको छ।

राष्ट्रपतिको भ्रमणलाई लक्ष्य गरी सुरक्षा र व्यवस्थापकीय प्रबन्ध चुस्त पारिएको छ। प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले राष्ट्रपति भण्डारी शनिबार दिउँसो ढोरपाटन आइपुग्ने जानकारी दिनुभयो।

"अवलोकन भ्रमणका लागि राष्ट्रपति ढोरपाटन आउनलाग्नुभएको हो, केही समय ढोरपाटन क्षेत्रमा बिताएर उहाँ भोलि नै फर्कनुहुन्छ", प्रजिअ कार्कीले भन्नुभयो। राष्ट्रपतिको भ्रमण तालिकाबारे विस्तृत जानकारी भने आफूसँग नआइपुगेको उहाँको भनाइ छ।

राष्ट्रपति आउनुहुने भएपछि प्रजिअको नेतृत्वमा सुरक्षा निकायका प्रमुखलगायत सरकारी निकायका पदाधिकारी आजै ढोरपाटन पुगेका छन्। ढोरपाटन देशकै एकमात्र सिकार आरक्ष रहेको क्षेत्र हो। सिकार पर्यटनका लागि विश्वकै विख्यात ढोरपाटनमा अहिले सिकारको याम चलिरहेको छ।

सौखिन र खर्चिला विदेशी सिकारीको रोजाइमा ढोरपाटन पर्ने गरेको छ। एक हजार ३२५ वर्गकिमीमा फैलिएको आरक्ष बागलुङ, म्याग्दी र रुकुमको उच्च पहाडी तथा हिमाली भू-भागमा अवस्थित छ। पर्यटकीय क्षेत्र ढोरपाटन देशकै ठूलो उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजना बनाउने सरकारी घोषणाले पनि चर्चामा छ।

# बेनी-जोमसोम सडक दैनिक १० घण्टा बन्द हुने

पोखरापत्र संवाददाता
बेनी, १२ कार्तिक

गण्डकी प्रदेशको लाइफलाइन मानिएको बेनी-जोमसोम-कोरला सडकखण्ड स्तरोन्नति गर्न दैनिक १० घण्टा बन्द गरिने भएको छ।

नियमित सडक सञ्चालन गर्दा विस्तारमा समस्या भएपछि शुक्रबार बिहानदेखि अर्को सूचना जारी नहुदाँसम्म सवारी साधन बन्द र काम गर्ने गरी बिहान तथा दिउँसो गरी दैनिक १० घण्टा सडक बन्द हुने जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। सडक स्तरोन्नतिका लागि मुस्ताङको सिमानामा पर्ने म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाको काभ्रेभीरमा मर्मत र सवारीसाधन एकसाथ आवतजावत गर्न नसक्ने तथा चलाउँदा पनि अत्यन्तै जोखिमयुक्त हुने भएकाले जोखिमबाट सम्भावित दुर्घटना रोक्न सवारी आवागमन बन्द गर्नुपरेको प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले बताउनुभयो।

उहाँका अनुसार दैनिक बिहान ७ देखि ११ बजेसम्म तथा दिउँसो १ देखि ५ बजेसम्म सवारीसाधन सञ्चालन रोकेर सडक स्तरोन्नतिको काम गरिनेछ। त्यस्तै बेलुकी ७ देखि बिहान ७ बजेसम्म र दिउँसो ११ देखि १ बजेसम्म बाटो खुला रहनेछ। उक्त समयमा ठूला सवार ीसाधनलाई रुप्से आसपासका क्षेत्रमा रोक्न र पैदलयात्रीलाई पारिबाट गन्तव्यमा पुग्ने गरी वातावरण बनाउन आवश्यक सहयोग गर्ने उहाँले बताउनुभयो।

काभ्रेभिर बेनी-जोमसोम सडकको जोखिमयुक्त सडक पनि हो। हरेक वर्ष नेपाली सेनाको सहयोगमा विस्फोटक पदार्थको प्रयोग गरी सडक चौडा गर्ने कामसमेत हुँदै आएको छ। भारत र चीनलाई जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजनाले ७६ किलोमिटर लामो बेनी-जोमसोम सडकको काम पछिल्लो समय तीव्रगतिमा अगाडि बढाइएको छ। झण्डै रु छ अर्ब लागतको राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक आयोजना विसं २०७४ देखि निर्माण सुरु गरिएको हो।

## विद्यालय...

उहाँले हरेक बालबालिकालाई विद्यालय पोशाकमा नियमित विद्यालय पठाउन आग्रह गर्नुभयो।

विद्यालय प्रति मुस्लिम समुदायका अभिभावकहरुको चासो अत्यन्तै कम रहने गरेको भन्दै विद्यालय र बालबालिका बारे ध्यान दिन आग्रह गर्नुभयो। 'बालबालिका विद्यालय पुगे नपुगेको, कस्तो पढिरहेको छ भनेर अभिभावकहरुले चासो दिनुपर्छ', उहाँले भन्नुभयो।


इन्सेक गण्डकी संयोजक शिव खकुरेलले संविद्यानमा रहेका शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका विषयमा नागरिकहरुले बुझ्नुपर्ने बताउनुभयो। उहाँले राज्यसंग आफ्ना अधिकार प्राप्तीका लागि माग गर्नुपर्ने बताउनुभयो। वडा नं ६ का वडासदस्य हर्क बहादुर गुरुङले शिक्षाको अधिकार बारे पछिल्ला दिनमा मुस्लिम समुदायमा सचेतना बढ्दै आएको भएपनि अझै पर्याप्त नभएको बताउनुभयो। उहाँले नागरिक संस्था, स्थानिय सरकार मिलेर अधिकारका सवालमा सचेतना कार्यक्रमहरु निरन्तर संचालन गरि नुपर्ने बताउनुभयो। अन्तरक्रियामा अभिभावकगफारुद्धिनमियाँलेविद्यालयले समयसमयमा अभिभावकहरुलाई सहितको बैठक गर्नुपर्ने धारणा राख्नुभयो। यस्तै नुर मियाँले बालवालिकाले कक्षा गर्ने व्यबहार प्रति शिक्षकहरुको चासो नरहने गरेको बताउनुभयो। बालवालिका विद्यालय नपुगेको खण्डमा अभिभावकलाई खबर गरिदिन आग्रह समेत गर्नुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# चर्चामा सिकार आरक्षः ओझेलमा उत्तरगङ्गा

–ध्रुबसागर शर्मा

**बेनी, १२ कार्तिक (रासस)**

जैविक र प्राकृतिक विविधताले भरिपूर्ण ढोरपाटन क्षेत्र, नेपालको एकमात्र शिकार आरक्षका कारण चर्चामा छ । ढोरपाटन क्षेत्रमा नै रहेका र सिकार आरक्षको जत्तिकै महत्व भएका उत्तरगङ्गा, ढोरबराहा र बाइसधारालगायतका धार्मिक र ऐतिहासिक सम्पदाको प्रचारप्रसार नहुँदा ती सम्पदा भने ओझेलमा परेका छन् ।

चारैतिर हिमालको सेता चुचुरा । हिमालको तल्लोपट्टि राताराता देखिने अग्ला डाँडा, ती डाँडाको मुनि हरियो जङ्गल । तल बस्ती अनि बीचमा कलकल बगेको सङ्लो पानीसहितको स्वच्छ उत्तरगङ्गा नदी, ढोरबाराही र बाइसधारा ढोरपाटन शिकार आरक्षभन्दा कम महत्वका सम्पदा होइनन् । सिकार आरक्षको मात्रै एकतर्फी प्रचारप्रसारले यस्ता महत्वपूर्ण सम्पदा ओझेलमा परेका जानकारले बताएका छन् ।

धौलागिरि हिमशृङ्खलाभित्र रुकुम, म्याग्दी र बागलुङ गरी तीन जिल्लामा फैलिएको ढोरपाटन क्षेत्रको बीच भागमा रहेको उत्तरगङ्गा नदी उत्तरतर्फ बगेको छ । सामान्यतः उत्तरतर्फ हुँदै बग्ने नदी विश्वव्यापीरूपमा नै अत्यन्तै कम हुने र उत्तरबाहिनी नदीलाई अत्यन्त पवित्र मान्ने गरिएको स्कन्दपुराण, बराहा पुराणलगायतका विभिन्न धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । समुन्द्र सतहबाट दुई हजार ८५० मिटरदेखि सात हजार २४६ मिटर उचाइमा रहेको ढोरपाटन क्षेत्रको २६ प्रतिशत भूभाग बागलुङ जिल्लामा पर्छ भने ६० प्रतिशत रुकुम र १४ प्रतिशत भूभाग म्याग्दी जिल्लामा पर्दछ । उक्त क्षेत्र म्याग्दी जिल्लाको गुर्जाघाटदेखि रुकुम जिल्लाको निसेलढोरसम्म फैलिएको छ । बीचमा उत्तरगङ्गा नदी बगेको छ । हिमाली र पहाडी भूभागको सङ्गमस्थल भएका कारण प्राकृतिक दृष्टिकोणबाट ढोरपाटन क्षेत्र अत्यन्त मनमोहक छ । ढोरपाटन शिकार आरक्षको क्षेत्रफल एक हजार ३२५ वर्गकिलोमिटर रहेको छ । यो आरक्ष विसं २०४० मा स्थापना भई २०४४ मा सरकारी मान्यता प्राप्त गरेको हो । यसको उत्तरी सीमामा पुथा, चुरेन र गुर्जा हिमाल छन् । नेपालमा ढोरपाटनको उत्तरगङ्गा र ललितपुरको कर्मनसा नदी मात्र उत्तरवाहिनी नदी भएको बताइएको छ । उत्तरतर्फ भई बग्ने उत्तरगङ्गा नदीको मुहान यहाँस्थित ढोरबराह थान रहेको ढोरपाटन क्षेत्रका जानकारी श्यामबहादुर विकले जानकारी दिनुभयो । ढोरबराह मन्दिरसहित उत्तरगंगा धाम यहाँको अतिप्राचीन तीर्थस्थल भए पनि यसको प्रचारप्रसार हुन नसक्दा सधैँ ओझेलमा परेको उहाँको भनाइ छ । उत्तरगङ्गाको उद्गमस्थल ढोरबराहमा भेडाको बलिसहित पूजाआजा गर्ने चलन रहेको छ । यहाँ गरिएको भाकल कहिल्यै झुठा नहुने जनविश्वासले म्याग्दी, बागलुङ, रुकुमलगायत नेपालका विभिन्न ठाउँबाट समेत यहाँ पूजाआजाका लागि मानिस आउने गरेका ढोरपाटन नगरपालिका- ७ का रेशबहादुर बूढामगरले जानकारी दिनुभयो । भेडाको बलिसहित ढोरबराहको पूजा गरेमा मनोकामना पूरा हुने जनविश्वास छ । ढोरबराहमा पूजा गर्न जाने भक्तजनले रुद्रावती गङ्गाको उद्गमस्थल रुद्रताल स्नान एवं पूजा गरी ढोरपाटन देउरालीमा पाती चढाएर जाने भएकाले यहाँको पूजा रुद्रतालबाट सुरु हुने गर्दछ । उत्तरगङ्गा नदीको उद्गमस्थल ढोरबराहको पूजा गरेर मनले चिताएको पुग्ने जनविश्वासका आधारमा विभिन्न भाकलसहित पूजा गर्न जानेको सङ्ख्या धेरै रहने गरेको छ ।

त्यसैगरी ढोरपाटन क्षेत्रको धेरैपटक स्थलगत भ्रमण गर्नुभएका बागलुङका पत्रकार डम्बर बूढामगरका अनुसार ढोरबराह मन्दिरमा कुनै पनि समयमा नसुक्ने बाइस धारा छन् । बाइस धारामा स्नानसहित पूजाआजा गर्ने र धाराको जल घरमा लगेर छर्केमा विभिन्न किसिमका अनिष्टबाट मुक्त हुने जनविश्वास कायमै छ । कतिपयले आफन्तको स्वर्गारोहण भएमा जन्मकुण्डली उत्तरगङ्गामा बगाउने प्रचलन पनि छ । आवश्यक भौतिक पूर्वाधारका साथै प्रचारप्रसारका अभावमा ढोरबराह र उत्तर गङ्गाधाम विकासका दृष्टिले अझै पछि परेको पत्रकार बूढामगरले बताउनुभयो ।

केही समयअघिसम्म अत्यन्त दुर्गम मानिएको ढोरपाटन क्षेत्रमा पछिल्लो समय विकासले गति लिँदै गरेको ढोरपाटन नगरपालिका-९ का वडाध्यक्ष हरिबहादुर घर्ती मगरले जानकारी दिनुभयो । पछिल्लो समयमा ढोरपाटनसम्म जाने बाटो सहज बन्दै गएपछि भक्तजन आउने क्रममा क्रमशः वृद्धि भइरहेको उहाँको भनाइ रहेको छ । उत्तरगङ्गा धामको प्रचारप्रसार नहुँदा आवश्यक पूर्वाधार विकासले गतिलिन नसकेको उहाँले बताउनुभयो ।

ढोरपाटन र आसपासका पर्यटकीयस्थलको प्रचारप्रसार एवं प्रवर्द्धनका लागि केही समय पहिलो नेपाल एशोसिएशन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पश्चिमाञ्चल क्षेत्रीय सङ्घको आयोजना एवं नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा यस क्षेत्रको अध्ययन भ्रमण गराइएको ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपालीले जानकारी दिनुभयो, "सरोकारवाला सबैको प्रयासमा यहाँको प्रचारप्रसारका साथै भौतिक पूर्वाधार विकास गर्नु आवश्यक छ", उहाँले भन्नुभयो । रुकुमको टक र ढोरपाटन हुँदै बुर्तिबाङको सेराबीचको क्षेत्रलाई 'टकसेरा' भनिने स्थानीय बताउँछन् । त्यसैगरी ढोरपाटनको दक्षिणपट्टिको डाँडामा रुद्रताल रहेको छ । उक्त तालबाट बगेको पानी गुल्मीको बेलिनमा आएर कालीगण्डकीमा मिसिने भएकाले उक्त ठाउँको नाम रुद्रवेणी भएको इतिहास छ । ढोरपाटनमा रहेको ढोरबाराही मन्दिरमा दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । उक्त क्षेत्रमा प्रत्यक वर्षको साउन शुक्ल पूर्णिणा (जनैपूर्णिमा) मा विशेष मेला लाग्ने गर्दछ । ढोरपाटन शिकार आरक्षको पाटन क्षेत्रमा हरेको उत्तरगङ्गा नदीको शिरबिन्दुमा उत्तरगङ्गा धारा रहेका छन् । उक्त ठाउँमा २२ वटा बाह्रैमास पानी आउने धारा छन् । ती २२ धारामा नुहाएर नजिकैको ढोरबाराही मन्दिरमा पूजा गरेमा सबै मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ । ढोरपाटनमा तिब्बतीयन क्याम्पसमेत रहेको छ । उक्त क्याम्पमा १६ घर परिवार तिब्बतीयन रहेका वडाध्यक्ष मगरले बताउनुभयो । ढोरपाटन क्षेत्रको जनजीवन अहिले पनि फिरन्ते युगको जस्तै छ । यहाँका मानिस खेती गर्न बेंसीमा आउने र बसोबासका लागि लेकमा जाने गर्दछन् । उनीहरूको बासस्थान छ महिना बेंसीमा र छ महिना लेकमा बस्ने गर्दछन् । ढोरपाटनमा रहेको विमानस्थललाई सञ्चालनमा ल्याउन सकेमा यस क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न अझै सजिलो हुने स्थानीय जनप्रतिनिधिको भनाइ छ ।

# धार्मिक पर्यटकीय गन्तव्य बन्दै नर्मदेश्वर मोक्षश्रमधाम

–वासुदेव पौडेल

**पोखरा, १२ कार्तिक (रासस)**

अनादिकालदेखि अस्तित्वमा आएको विश्वास गरिने पोखरा महानगरपालिका २७, २९ र ३३ को त्रिवेणी मदौरुकुना मदौरुघाटस्थित नर्मदेश्वर मोक्षाश्रमधामलाई यस क्षेत्रको विशिष्ट धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने गरी पहल थालिएको छ ।

अनादिकालमा कर्दम-कश्यपजस्ता ऋषिमुनिको साधनास्थलका रूपमा लिइने शुक्ला गण्डकी र बगादी नदीको सङ्गमस्थलमा रहेको यस धाम परिसरलाई पितृमोक्षधामका साथै महत्वपूर्ण देवघाटका रूपमा स्थापित गर्न नर्मदेश्वर मोक्षाश्रमधाम संरक्षण समितिले भौतिक पूर्वाधार विकासका योजनालाई अघि बढाइएको समितिका अध्यक्षझवीन्द्रराजआचार्यलेबताउनुभयो। प्राचीनकालदेखि साधकको अभिलाषा पूर्ण गर्ने तीर्थस्थलका रूपमा परिचित भए पनि आवश्यक प्रवर्द्धन एवं भौतिक पूर्वाधारको विकास गर्न नसक्दा यसको ऐतिहासिक गरिमा र महत्व ओझेलमा पर्दै गएको उहाँले जानकारी दिनुभयो । तीर्थस्थलको महत्वलाई थप उजागर गर्दै देश विदेशका साधुसन्तको पुग्नैपर्ने गन्तव्यका रूपमा स्थापित गराउने दीर्घकालीन लक्ष्यका साथ पूर्वाधार विकासका योजनालाई अघि बढाइएको उहाँले जानकारी दिनुभयो । अध्यक्ष आचार्यका अनुसार धाम परिसरमा द्वादश ज्योर्तिलिलिङ्गसहित जमिनमुनि १५ फिट गहिराइ, ३२ फिट लम्बाइ र १५ फिट चौडाइको गर्भगृहमा ११ फिट उचाइको श्री नर्मदेश्वर शिवलिङ्ग स्थापना गरिने लक्ष्य राखिएको छ । कूल बाह्र रोपनी क्षेत्रफलमा फैलिएको मन्दिर परिसरमा सर्वेश्वर शिव, श्रीरामचन्द्र, श्रीकृष्ण आदि भगवानका लीला शैलीमा आधारित कलात्मक मूर्ति रहने समितिले जनाएको छ । मन्दिरको उचाइ जमिनको सतहबाट ४५ फिट र चौडाइ ५० फिट हुने जानकारी दिँदै आचार्यले नेपाल आमा एवं अवतारी महापुरुषको मूर्ति स्थापना गरी यस क्षेत्रकै अपूर्व दर्शनीय धाम बनाउने लक्ष्य रहेको जानकारी दिनुभयो ।

"गुरुयोजनाअनुसार लक्षित काम सम्पन्न गर्न रु आठ करोड लाग्ने अनुमान गरेका छौँ", उहाँले भन्नुभयो, "विभिन्न दान तथा सहयोगबाट हालसम्म झण्डै रु चार करोडको लागतमा काम सम्पन्न भएका छन् ।" धाममा आउनुहुने साधु, सन्त, वृद्धवृद्धा, ब्रह्मचारी, बटुक र भक्तजनका लागि नित्य भोजन, आवासका साथै अन्य अतिथि तथा धार्मिक पर्यटकका लागि प्राथमिकतानुसार आतिथ्य भोजन उपलब्ध गराउँदै आइएको र यसका लागि मुट्ठीदानको आह्वान गरिएको समितिले जनाएको छ ।

समितिले धाममा गौशाला, विशाल अतिथिगृह, पोखरा तथा मुक्तिनाथमा आउनुहुने तीर्थालुका लागि सुविधासम्पन्न भवन, गौशाला, यज्ञमण्डप, १०८ शिवलिङ्ग, धर्मकुवा, महाकालेश्वर अखण्ड दीप, १०८ दीप लगायतको निर्माणका लागि लघु तथा गुरुयोजना अघि बढाएको छ । धाममा वैदिक सनातन आधुनिक गुरुकुल पाठशाला स्थापनाको लक्ष्यसमेत राखिएको समितिका सल्लाहकार पीताम्बर पौडेलले जानकारी दिनुभयो । महत्वपूर्ण तीर्थस्थल भएर पनि प्रचारप्रसारको अभावमा पछि परेको यस धाममा गुरुकुल पाठशाला स्थापना गर्दै शिक्षाको केन्द्रका रूपमा समेत विकास गर्न सकिने उहाँको भनाइ छ । धामलाई धार्मिक पर्यटकीय तीर्थस्थलका रूपमा विकास गर्ने पर्याप्त सम्भावना रहेको र त्यसको उजागर गर्नु अपरिहार्य भएको उहाँले बताउनुभयो । किंवदन्तीअनुसार परापूर्वकालमा बरवृक्षको छहारीमा बसी तपस्या, साधना एवं यज्ञादि कार्य हुने भएकाले नर्मदेवर भगवान्लाई दायाँपारी बरवृक्षको समीप हुँदै बग्ने नदीलाई बरगाछी भनिएको र पछि अपभ्रंश भई बगादी भनिएको पाइन्छ । यसै स्थलमा कुनै साधकले तपस्या र साधनाको माध्यमबाट विशेष धार्मिक पर्वमा अदृश्य पुजारीको माध्यमबाट पूजाअर्चना गर्ने गरेको र पूजाका लागि भक्तजन पुग्दा पूजा भइसकेको देखिने जनश्रुति अझै पनि कायमै छ ।

धाममा वैशाख, साउन र माघे सङ्क्रान्तिका साथै शिवरात्रि, नवदुर्गा, हरिशयनी एकादशी, हरिबोधिनी एकादशी, रामनवमी आदि महत्वपूर्ण तिथिमा विशेष मेला लाग्ने गर्दछ । धामको गरिमा र महत्वलाई उजागर गर्ने लक्ष्यका साथ समितिले प्रत्येक महिनाको शुक्ल पक्षको एकादशी तिथिमा विशेष गङ्गा आरती गर्दै आएको छ । देश-विदेशबाट ख्याती कमाएका सन्त महन्तको आगमन भइरहने यस धाममा विसं २०७३ फागुन ११ गतेदेखि २१ गतेसम्म सन्त सम्मेलन गरिएको थियो । ऋषिमुनिको प्राचीन तपोभूमिका रूपमा रहेको यस तीर्थस्थलको अस्तित्व आदिमकालदेखि नै रहेको र धेरै विषय अनुसन्धानको पर्खाइमा रहेको समितिका सदस्य शंकरप्रसाद पौडेलले बताउनुभयो । पितृतीर्थका रूपमा समेत यो धाम रहेको र यो कास्की जिल्लाको देवघाटका रूपमा स्थापित बनेको उहाँले बताउनुभयो ।

लक्षित योजनालाई सम्पन्न गर्दै यस धामलाई यस क्षेत्रकै महत्वपूर्ण धार्मिक पर्यटकीय तीर्थस्थलका रूपमा विकास गर्न सकिने बताउँदै उहाँले यसका लागि राज्यस्तरबाटै साथ र सहयोग हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

# 'विश्वमा वर्सेनि एक करोड ३० लाखलाई पक्षाघात'

रासस

**काठमाडौं, १२ कार्तिक**

विश्वमा वर्सेनि एक करोड ३० लाख व्यक्तिलाई पक्षाघात हुने गरेको पाइएको छ ।

विश्व पक्षाघात दिवसका अवसरमा धापासीस्थित ग्राण्डी अन्तर्राष्ट्रिय अस्पतालले आज आयोजना गरेको कार्यक्रममा वरिष्ठ चिकित्सक एवं न्यूरोलोजिष्ट डा राजु पौडेलले विश्वमा बर्सेनि एक करोड ३० लाख व्यक्तिलाई पक्षाघात हुने गरेको तथ्याङ्क सार्वजनिक भएको बताउनुभयो । "पक्षाघात भएकामध्ये एक तिहाइले अकालमा ज्यान गुमाउनुपरेको छ, यसलाई भयावह हुन नदिन सरकारले विशेष ध्यान दिनु जरुरी छ", उहाँले भन्नुभयो । विश्वमा हरेक चार जनामा एक जनालाई र छ सेकेण्डमा एक जनालाई पक्षाघातको सम्भावना रहेको डा पौडेलको भनाइ थियो । उहाँले नेपालजस्तो अल्पविकसित र विकासोन्मुख देशमा पक्षाघातको दर बढी भएकाले सरकारले समयमै ध्यान दिनु जरुरी रहेको उल्लेख गर्नुभयो । नेपालमा अहिले पक्षाघात भएकामध्ये १० प्रतिशतको मृत्यु हुने गरेको तथ्याङ्क छ ।

# ५४९ जना संक्रमित, ६ को मृत्यु

रासस

**काठमाडौं, १२ कार्तिक**

नेपालमा पछिल्लो २४ घण्टामा ५४९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको तथ्याङ्कमा नौ हजार ७४६ जनामा कोरोना परीक्षण गर्दा ५४९ जनामा सङ्क्रमण पाइएको हो ।

शुक्रबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १० हजार १५१ जना रहेका छन् । ५०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला नौ रहेका छन् । ५०० भन्दा बढी सङ्क्रमण हुने जिल्लामा काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की रहेका छन् । सङ्क्रमण दर १८.५ प्रतिशत रहेको छ । सङ्क्रमित शून्य रहेका जिल्ला मुगु मात्र रहेको छ । पछिल्लो २४ घण्टामा ५६९ जनाले सङ्क्रमणमुक्त भएका छन् । यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ९० हजार ३५८ पुगेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.३ प्रतिशत रहेको छ । यसैगरी शुक्रबार कोरोना सङ्क्रमणबाट छ जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ३८८ जनाको निधन भएको छ । होम आइसोलेसन नौ हजार ३७९, संस्थागत आइसोलेसनमा ७७२, सघन उपचार कक्ष (आइसियु)मा २४२ र भेन्टिलेटरमा ७८ जना रहेका छन् । शुक्रबार एक लाख २५ हजार ५२७ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ८६ लाख ६२ हजार २५० पहिलो मात्रा र ६९ लाख ८४ हजार १५७ पूर्ण मात्राको खोप लगाइसकेका छन् ।


## कर्जा तिर्न आउने बारेको ऋणीहरुलाई ३५ दिने सूचना ।

(प्रथम पटक प्रकाशित मिति: २०७८/०७/१३)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत लिएको कर्जा तथा सोको साँवा, ब्याज र हर्जना समेत यस संस्थासँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा बुझाउनु पर्नेमा सो नबुझाएको हुदाँ कर्जा भुक्तानी सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने कर्जा नबुझाई कर्जा तथा सहकारी सुबिधा सम्बन्धी शर्त बन्देज उल्लङ्घन गरेकोले कर्जा चुक्ता गर्नका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । अत यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यस सहकारी संस्थामा सम्पर्क राखी आफूले बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज र हर्जना भुक्तानी गर्नुहोला । अन्यथा सहकारी ऐन, नियमावली, मापदण्ड संस्थाको विनियम, ऋण नीति तथा प्रचलित कानून बमोजिम यस संस्थासँग भए गरेको लिखतअनुसार संस्थाले लेना रकम धितोमा रहेको चलअचल सम्पत्तिको लिलाम बिक्री समेत गरी असुल उपर गरिनेछ ।

१. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : धनबहादुर गुरुङ
पिता: लालबहादुर गुरुङ
बाजे : मोति
ठेगाना: दार्सिङ् दहथम-४ केघा



जमानि कर्ताको नाम र ठेगाना:
नाम: बिलबहादुर गुरुङ
पिता: धनबहादुर गुरुङ
बाजे : लालबहादुर गुरुङ



ठेगाना: दार्सिङ् दहथम-४ केघा
ना.प्र.नं. : ८४८२७/स्याङ्जा

ना.प्र.नं.: १२४९/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: धनबहादुर गुरुङ

| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | दार्सिङ दहथुम | ०४<br>०४<br>०४<br>०४<br>०४ | ५३<br>११७<br>१७८<br>२३९<br>६९८ | ०.११.३.१<br>५.२.०.१<br>३.१३.०.३<br>०.१४.१.३<br>२०.१५.०.३ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापता समेत |

२. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : गुमाकुमारी अर्याल
पति:चार नारायण भन्ने च्याम नारायण अर्याल
बाजे : चोलाकान्त
ठेगाना: सातु पसल-४ घर भै पुतलीबजार-१३



जमानी कर्ताको नाम र ठेगाना:
नाम: हेमराज गौतम
पिता: गंगाप्रसादगौतम
बाजे : मोतिलालगौतम
ठेगाना:पुतलीबजार १० हाल पुतलीबजार-१३




ना.प्र.नं.: २४७६/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: गुमाकुमारी अर्याल


ना.प्र.नं. :७००४५/स्याङ्जा
नाम : चार नारायण भन्ने च्याम नारायण अर्याल
पिता: चोलाकान्त
ठेगाना : सातुपसल-४ हाल पुतलीबजार न.पा-१३ यवादी

| सि. नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | सातुपसल | ०४<br>०४<br>०४<br>०४<br>०४<br>०४ | २३७<br>२८६<br>२८९<br>२९१<br>२९४<br>५१४<br>५१८<br>५१९<br>२८३<br>२३९<br>१९३<br>२५६<br>२९२<br>४६७<br>५१२<br>५२६ | ०.१३.०.१<br>०.१४.०.०<br>०.९.२.१<br>०.१.३.१<br>३.३.१.०<br>०.८.०.०<br>०.८.३.१<br>०.२.३.१<br>१.५.१.२<br>०.२.१.२<br>०.६.३.०<br>२.०.२.१<br>४.३.२.२<br>०.४.३.२<br>३.०.३.३<br>१.१५.३.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापता समेत |

३. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : चित्रबहादुर कार्की
पिता: तिलबहादुर कार्की
बाजे : हिमन्त
ठेगाना: फेदीखोला-१, घर भै हाल फेदीखोला-२
ना.प्र.नं.: ३८२/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: चित्रहादुर कार्की



जमानी कर्ताको नाम र ठेगाना:
नाम: अनिलकार्की
पिता: चित्रबहादुर कार्की
बाजे : तिलबहादुर कार्की
ठेगाना: फेदीखोला-१ घर भै हाल फेदीखोला-२
ना.प्र.नं. : ४२१०६१/९५२८७/स्याङ्जा



जमानी कर्ताको नाम र ठेगाना:
नाम : प्रेमनारायण अर्याल
पिता:नरभुपालअर्याल
बाजे : खडानन्द अर्याल
ठेगाना : खिलुङदेउराली-९, हालभीरकोट-७
ना.प्र.नं. : ६५१४/स्याङ्जा

| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | फेदीखोला | ०१ | २६५५ | ०.७.१.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सोको लिगलगापता समेत |
| | | पुतलीबजार | ०९ | ४३६७ | ०.२.०.० | " " " |

**श्री कालिका बचत तथा ऋण सहकारी संस्था लि.**
**भीरकोट नगरपालिका-१, स्याङ्जा**
**फोन नं. ०६३- ६२०१७०, १९७**